दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ५१ | बुटवल | २०८१ फागुन ०२, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Feb. 14, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**प्रजातन्त्र दिवस भव्य रुपमा मनाऔं ।**

-प्रजातन्त्रको मूल मर्म मानव अधिकार र विधिको शासन हो,
-आवधिक निर्वाचन प्रजातन्त्रको आधारशीला हो,
-आफ्ना प्रतिनिधिहरुमार्फत् शासनमा नागरिकको सहभागिता र प्रजातान्त्रिक आधार हो ।
-प्रजातन्त्र एक पद्धति, व्यवहार र आचारण पनि हो, **त्यसैले**
-प्रजातान्त्रिक संस्कार, आचार र व्यवहारको अवलम्बन प्रत्येक नागरिकको कर्तव्य हो, त्यसतर्फ सचेत बनौं ।
-७५ औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## १६१ जना फरार प्रतिवादी पक्राउ

**मोहम्मद हबिब**

*भैरहवा*

जिल्ला प्रहरी कार्यालय रूपन्देहीले एक महिनामा १६१ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । अदालतबाट दोषी ठहर भएर कैद, जरिवाना वा दुवै सजाय तोकेर भुक्तान नगरेका फरार प्रतिवादीलाई पछिल्लो समय रूपन्देही प्रहरीले अभियानकै रुपमा कार्य अगाडि बढाएको छ । पुष महिनामा ८४ जनाई पक्राउ गरेकोमा माघ महिनामा सो संख्यामा फरार प्रतिवादी पक्राउ गरी २४ वर्ष ५ महिना ५ दिन र ३२ लाख ३२ हजार २ सय ९१ रुपैयाँ जरिवाना असुल उपर गरिएको रुपन्देही प्रहरी प्रमुख प्रहरी उपरीक्षक रञ्जित सिंह राठौंरले बताए ।

उनका अनुसार सजाय अवधि तोकिएको २० वर्षपछि १३ जना, १५ वर्ष पछि ४६ जना, १० वर्षपछि ४८ जना, ५ वर्षपछि ३४ जना र ५ वर्षभन्दा कमको अवधिका २० जना गरी १६१ जना फरार प्रतिवादीहरु पक्राउ गरिएको बताए ।

रुपन्देही प्रहरीले नियमित कामसँगै पछिल्लो समय अदालतको फैसला कार्यान्वयन गर्न फरार प्रतिवादी खोजी गर्ने काममा लागेको बताउँदै कहिले कम कहिले बढी रुपमा फरार प्रतिवादीहरु पक्राउ गरिरहेका छौं । सजाय फैसला भएका त्यस्ता व्यक्तिहरु समाजमा खुलेआम घुमफिर गर्नु पनि सुरक्षा चुनौतीको रुपमा रहेकोले पक्राउ गरिएको रुपन्देही प्रहरी प्रमुख राठौरले जनाए ।

फौजदारी र देवानी दुवै प्रकृतिको मुद्दामा फरार प्रतिवादीहरूलाई निरन्तर पक्राउ गरिरहेको छौं, जसका लागि हामीले अभियान नै चलाएर निर्ममताका साथ काम गरिरहेको एसपी राठौरले जानकारी दिए ।

रुपन्देहीमा यस्ता करिब २ हजार ८ सय जना फरार प्रतिवादीहरु रहेको रुपन्देही जिल्ला अदालतको तथ्यांकले देखाएको उनले बताए । "यसमध्ये कतिपयलाई त आफूले पाएको सजायबारे जानकारी नै छैन, यस्तालाई हामीले पक्राउ गरी अदालतमा पेश गरेपछि मात्र उहाँहरुको सजाय फछ्र्यौट हुने गरेको छ," राठौरले भने-"कतिपयको भारतमै ठेगाना भएको छ भने कतिपय नेपालीहरु भारतमै गएर लुकेर बसेका छन्, यस्तो अवस्थामा कठिनाइ आउने गरेको छ ।"

नियमित मासिक प्रगतिमा पत्रकारहरुसँग कुरा गर्दै एसपी राठौरले माघ महिनाको मुख्य घटनामध्ये माघ ३ गते साँझ सियारी गाउँपालिका हिरागञ्जमा रहेको न्यू इट्टा उद्योगमा ट्र्याक्टर चालकको काम गरी बस्ने वर्ष १८ को कृष्ण मल्लाहले सोही उद्योगमा लेवरको काम गरी बस्ने भारत घर भएका वर्ष ३५ को निठुरी निसादलाई ईट्टा प्रहार गर्दा उपचारको क्रममा मृत्यु भएको घटनामा फरार कृष्ण मल्लाहलाई सोही दिन नै पक्राउ गरी अनुसन्धानपश्चात् अदालतको आदेशले पुर्पक्षको लागि कारागार पठाइएको बताए ।

यस्तै माघ महिनामै रुपन्देही जिल्लाका विभिन्न भागबाट मोटरसाइकल चोरी भएको घटनाहरु आएपछि प्रहरी यसको नियन्त्रणमा सक्रियता देखाउँदै १३ जना मोटरसाइकल चोरी गर्ने अभियुक्तहरुलाई १३ वटा चोरीका मोटरसाइकलसहित पक्राउ गरिएको छ ।

यस्तै सिद्धार्थनगर नगरपालिका वडा नं. ०३ आँखा अस्पताल नजिकबाट सहवाज खानले चलाएको भारतीय गाडी चेकजाँच गर्ने क्रममा ३ ग्राम ६४० मिलिग्राम ब्राउन सुगर फेला पारी चालक र पछाडि सवार अरमान आलम समेतलाई नियन्त्रणमा लिई लागुऔषध शीर्षकमा अदालतबाट म्याद थप भई अनुसन्धान भइरहेको छ ।

यसैगरी एक महिनाकै अवधिभित्र कल/म्यासेज बाइपासमा संलग्न रहेको आरोपमा नवलपरासी (बसुप) प्रतापपुर गाउँपालिका घर भइ हाल सिद्धार्थनगर नगरपालिका वडा नम्बर ३ का गुलाब चन्द्र गुप्ताको घरमा डेरामा बस्ने रोहित अहिरलाई पक्राउ गरिएको उनले बताए । अहिरको डेराबाट स्पोइलर कम्पनीको हब ९ थान, ४ थान सिपियु, मोडेम १६७ थान, नेपाल टेलिकमको १९० थान र एनसेलको २७० थान सिमलगायतका अन्य समेत बरामद भएको उनले बताए ।


» *बाँकी ३ पेजमा*


# प्रेम दिवसमा रानीमहल



**कृष्ण पोखरेल**

*पाल्पा*

आज १४ फेब्रुअरी, प्रणयव दिवस अर्थात् (भ्यालेनटाइन डे) युवायुवती तथा प्रेमी प्रेमिकाहरु बिच आ-आफ्नो प्रेम व्यक्त गर्ने दिन । प्रेमीप्रमिकाहरु साँचो प्रेम व्यक्त गर्न प्रेमको प्रतिक पाल्पाको रानीमहल दरबारमा पुगेका छन् । राणाकालिन समयदेखि नै पाल्पाको रानीमहल दरबार प्रेमको प्रतिकको रुपमा परिचित रहेको छ । आज प्रणयव दिवसको अवसरमा नवजोडी तथा प्रेमीप्रेमिकाको लागि पाल्पाको रानीमहल दरबार आकर्षणको केन्द्र विन्दु बनेको छ ।

प्रणयव दिवसको अवसरमा रानीमहल दरबारलाई तानसेन नगरपालिकाले सरसफाइ गरी चिटिक्क बनाएको छ । दरबार अगाडि सुन्दर फूलसहितका बगैंचा, लाइटिङ्गसहित पानीका पोखरी तथा फोहोरा, युरो गार्डको खानेपानी र पर्यटकहरुलाई निःशुल्क वाइफाइको व्यवस्था गरेको छ । तानसेन नगरपालिकाले रानीमहललाई पूर्णरुपमा सफा सुन्दर व्यस्थित बनाइ रातीमा समेत झिलिमिली बत्तीले सजाएर रातीमा समेत अवलोकन गर्ने गरी व्यवस्था मिलाएको छ ।

रानीमहलमा प्रेम आदानप्रदान गर्दै कालीगण्डकीका र्‍याफटिङ्गको मजा लिने गरी व्यवस्था रहेको छ । प्रणयव दिवसको अवसरमा तानसेनका अधिकांश होटलहरुले खाना तथा बासमा १० प्रतिशतदेखि २५ प्रतिशतसम्म छुट दिएका छन् । रानीमहलको विभिन्न मिडियामा चर्चा गरेको देखिए पनि प्रत्यक्ष रुपमा आज हेर्ने मौका मिल्यो, काठमाडौंबाट रानीमहल दरबार हेर्नकै लागि बुढा बुढीसहित आएका प्रेम श्रेष्ठले बताए ।

प्रेमको प्रतिक रानीमहल पुग्ने प्रेमी प्रेमिकाहरु निकै रमाएका छन् । एक अर्कालाई अङ्गालो मार्दै युवायुवतीले मधुर मुस्कानसहित फोटो खिचेको दृश्यले रानीमहल दुई/चार दिन अगाडिदेखि नै प्रणयव दिवसमय भएको छ । रानीमहल क्षेत्रका होटलहरु आन्तरिक पर्यटकले भरिएका छन् ।

सच्चा प्रेम गर्ने युवायुवतीहरुको लागि पाल्पाको रानीमहल प्रेरणादायिक स्थान बन्दै गएको छ । प्रेम दिवसको अवसरमा चितवन, काठमाडौं, बुटवल, हेटौडा, पोखरालगायतका स्थानबाट प्रेमी तथा प्रेमिकाहरु रानीमहल पुगेर आ-आफ्नो प्रेम साटासाट गर्दै आएका छन् । प्रेमको प्रतीक रानीमहल आउने धोको पहिलादेखि नै थियो, अहिले श्रीमान र श्रीमतीसहित घुम्न आएको, रानीमहल घुम्दा निकै आनन्द आएको काठमाडौं गोंगबुकी मीना श्रेष्ठले बताइन । रानीमहल दरबार देख्दा त्यो अवस्थामा राणा खड्ग शमशेरले साँच्चै नै रानीप्रति गरेको सच्चा प्रेम नै झल्किदो रहेछ, आज हामी पनि श्रीमान श्रीमती जोडी भएर रानीमहल घुम्न आएको, मनमा प्रेम भाव पैदा भएको बुटवलकी मिना पंथीले बताइन् ।

राणा खड्ग शम्शेरले आफ्नी रानी तेजकुमारीको सम्झनामा पाल्पाको कालीगण्डकी किनारामा रानीमहल दरबार निर्माण गरेका हुन् । राणा खड्ग शम्शेरले विसं. १९४९ सालदेखि रानीमहल दरबारको निर्माण सुरु गरी ६ वर्ष लगाएर विसं. १९५५ मा पूरा गरेका थिए । बेलायती दरबार शैलीमा निर्माण गरिएको प्रेमको प्रतिक रानीमहल पुग्ने प्रेम जोडीहरुलाई बस्न, मिठा मिठा कुराकानी गर्न, विभिन्न आनन्द लिनको लागि दरबार परिसरमै शिवपार्वतीको मन्दिर, विभिन्न फूलबारी बगैंचा, मन्दिर रहेका छन् ।

तानसेनदेखि रानीमहलमा जाने १३ किलोमिटर सडकको पिच गरिएको छ । रानीमहल दरबार रेखदेखको लागि पुरातत्व विभागबाट १० वर्षको लागि तानसेन नगरपालिकालाई हस्तान्तरण गरेको छ ।

रानीमहल दरबार अवलोकन गर्न दैनिक ३ सयदेखि ५ सयसम्म पर्यटकहरु पुग्ने गरेका छन् । रानीमहल दरबार तानसेन नगरपालिकाले वार्षिक रुपमा ७० लाख देखि एक करोड रुपैयाँसम्म आम्दानी गर्दै आएको छ । लुम्बिनी प्रदेश सरकारले प्रेमको प्रतिक रानीमहललाई प्रमुख पर्यटकीय गन्तव्यको रुपमा राखेको छ । प्रेम प्रतिक रानीमहल दरबारमा यही माघ ३० गते लुम्बिनी र गण्डकी प्रदेशको मुख्यमन्त्रीस्तरीय समन्वयात्मक बैठकले रानीमहलको महत्वलाई अझैं फैलाएको छ ।

# १० महिनादेखि छोरीको शव कुर्दै आमा



नवलपरासी । नवलपरासी (बर्दघाट सुस्तापूर्व)को कावासोती नगरपालिका-४ की ७० वर्षीया धनमाया सार्कीको आँखा विगत १० महिनादेखि ओभानो भएको छैन ।

रोजगारीका लागि मलेसिया गएकी छोरीको हत्या भएको खबर सुनेदेखि धनमायाको आँखाबाट आँसु रोकिएको छैन । गत बैशाख २६ गते मातातीर्थ औंसीको दिन आमाको मुख हेर्ने भन्दै मलेसियाबाट छोरी तिलमाया सार्कीले गरेको फोन नै अन्तिम फोन थियो । त्यसको एक हप्तापछि अर्को फोन आयो र थाहा भयो २५ वर्षीया छोरी तिलमायाको हत्या भयो भनेर । त्यसयता उनी बेचैन छिन् ।

श्रीमानसँग सम्बन्धविच्छेदपछि ६ वर्षीया छोरी आमाको जिम्मा लगाएर मलेसिया उडेकी तिलमायाको हत्या भएको १० महिना बितिसकेको छ, तर हालसम्म न शव आएको छ, न त राहत रकम नै । लामो समयसम्म अनेक प्रयास गर्दा पनि शव नेपाल ल्याउन नसक्दा वृद्धा आमा र नाबालिग छोरी बेचैनी थप बढेको छ । छोरीको शव ल्याउन आमा धनमाया १० महिनादेखि वडा कार्यालय र नगरपालिका धाइरहेकी छिन् ।

शव झिकाउन सबै कागजी प्रक्रिया पूरा गरेर मलेसिया पठाए पनि कुनै सुनुवाइ नभएको उनको गुनासो छ । "शव आउला भन्ने आश गर्दागर्दै १० महिना बितिसक्यो, तर न शव देख्न पाइयो, न राहत रकम नै हात पर्‍यो", उनले भनिन्-"म यो नातिनी लिएर अझैं कहाँ-कहाँ धाउनुपर्ने हो, मेसो पाउन सकेको छैन ।"

तिलमायाको हत्या भएको खबरलगत्तै सम्पूर्ण कागजात मिलाएर आप्रवासन केन्द्रमा शव झिकाउनका लागि आग्रह गर्दा पनि अहिलेसम्म सुनुवाइ नभएको तिलमायाकी दिदी नीलमाया सार्कीले बताइन । "समयमै शव वा कागजात नआउँदा राज्यबाट प्राप्त हुने राहत नै पाइँदैन कि भन्ने चिन्ता पनि थपिएको छ", उनले भनिन्-"जे हुने भई हाल्यो, केही राहत पाए त यो छोरीको लालनपालनमा सहयोग हुने थियो ।"

सुरक्षित आप्रवासन केन्द्र (सामी परियोजना) की परामर्शदाता रञ्जना लम्सालले मृत्युको खबर आउनेबित्तिकै नाता प्रमाणित गरी आवश्यक कागजपत्र मलेसिया पठाइए पनि अझैं शव नेपाल ल्याउन नसकिएको बताइन् । "मलेसियन दूतावासका अनुसार अनुसन्धानले अन्तिम टुङ्गो नलागि शव नेपाल पठाउँदा मुद्दा किनारा लाग्न समस्या हुन्छ भनेर नपठाएको जानकारी पाएका छौं । मुद्दा किनारा लाग्न ढिलो हुँदा नाबालिकाले पाउने राहत गुम्ला कि भन्ने चिन्ता छ ।"-उनले भनिन् ।

वैदेशिक रोजगार बोर्डको नियमानुसार मृत्यु भएको मितिले एक वर्षभित्रमा आर्थिक सहायताका लागि निवेदन पेस गरिसक्नुपर्छ ।

तिलमायाको हत्या आरोपमा एक पाकिस्तानी युवामाथि मुद्दा चलेको र शवलाई पनि अनुसन्धान गर्नुपर्ने भएकाले शव आउन ढिला भएको वैदेशिक रोजगार बोर्डका प्रवक्ता टीकाराम ढकालले बताए ।

"शव पहिचानमा नै लामो समय लागेको दूतावासले जानकारी गराएको थियो", उनले भने-"शव पहिचान भएपछि नेपाल ल्याउन पहल गर्दा पनि शव अस्पतालमै रहेको र अस्पतालले मृत्यु प्रमाणपत्र प्रमाणित पनि नगरेको जानकारी पाएका छौं ।"

सुरक्षित आप्रवासन केन्द्रको तथ्याङ्कअनुसार नवलपरासी (बर्दघाट सुस्तापूर्व) बाट वैदेशिक रोजगारीमा गएकामध्ये चालु आर्थिक वर्षको माघ मसान्तसम्म १८ जनाको मृत्यु भएको छ । यो अवधिमा मृत्यु भएकामध्ये तीन जनाको शव नेपाल आउन बाँकी छ ।




## सम्पादकीय

# साझा स्वार्थका लागि सहकार्य

लुम्बिनी र गण्डकी प्रदेश सरकारबिच प्रदेशस्तरीय समन्वय र सहकार्यका लागि २१ बुँदे साझा प्रतिबद्धता पत्रले दुई प्रदेशबिच सहकार्यको मार्ग पहिल्याएको छ।

लुम्बिनी प्रदेश सरकारको आयोजनामा पाल्पाको रानीमहलमा भएको बैठकमा लुम्बिनी र गण्डकी प्रदेशका मुख्यमन्त्रीले दुई प्रदेशबिच समन्वय र सहकार्यका लागि २१ बुँदे साझा प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका छन्। प्रतिबद्धतापत्रमा खासगरी पूर्वाधार विकासका काम मिलेर अघि बढाउने बुँदा धेरै छन्। पर्यटन प्रवर्द्धनमा मिलेर अघि बढ्ने, उत्पादन तथा रोजगारी श्रृजनामा पनि सहकार्य गर्ने बुँदा प्रतिबद्धतापत्रमा उल्लेख छन्। लुम्बिनी र गण्डकी यी दुई प्रदेश भिन्दाभिन्दै विशिष्ट संस्कृति, भूगोल र जनजीवन भएका प्रदेश हुन्। यी दुई प्रदेशले स्पष्ट दृष्टिकोणसहित समृद्धिको खाका कोर्दा मुलुकले नै मुहार फेर्न सक्छ। पर्यटन र कृषिको व्यवसायीकरणको प्रचुर संभावना भएकोले दुई प्रदेशले मिलेर योजना निर्माण र कार्यान्वयन गर्दा प्रादेशिक तहमा मात्रै नभएर सिंगो मुलुकले लाभ पाउँछ।

पोखरा पर्यटकीय शहर हो। पर्यटन प्रवर्द्धनमा पोखरा अब्बल मानिन्छ।

पोखरा र लुम्बिनीलाई जोड्न सक्दा यहाँको पर्यटन प्रवर्द्धन अब्बल बन्न सक्छ।

पोखराको अनुभवबाट भैरहवा-बुटवलले धेरै सिक्न सक्छ। लुम्बिनी आउने पर्यटकलाई पोखरा लैजान सकिन्छ। पोखराको अनुभवबाट भैरहवा-बुटवलले जति फाइदा लिनसक्छ, त्योभन्दा बढी लाभ लुम्बिनी आउने पर्यटकलाई पोखरा लैजान सक्दा हुनसक्छ। त्यसका लागि दुई प्रदेश सरकारले व्यवसायीबिच सहकार्यको योजना बनाएर कार्यान्वयन गराउन सक्छन्।

खासगरी कालीगण्डकी नदी दुई प्रदेशको साझा नदी हो। यो नदीको उपयोगको बारेमा दुई प्रदेशबिच विवाद चल्दै आएको छ। कालीगण्डकी-तिनाउ ड्राइभर्सनको विषय पेचिलो बन्दै आएको छ।

त्यसैगरी कालीगण्डकी सभ्यता र शालिग्रामको प्रचार प्रसार गर्न सक्दा पर्यटन प्रवर्द्धन गर्न सकिन्छ, त्यसबाट धेरै लाभ लिन सकिन्छ भन्ने विषय पनि उठेको छ। दुई प्रदेशबिचका फरक बुझाई र धारणालाई समान बनाउन र साझा स्वार्थ निर्धारण गर्न यस्ता बसाई महत्वपूर्ण हुन्छन्, त्यस अर्थमा पनि लुम्बिनी र गण्डकी प्रदेशबिचको बैठक महत्वपूर्ण छ।

यसअघि लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेश तथा लुम्बिनी र कर्णाली प्रदेशबिच बैठक भइसकेको छ। अन्तरप्रदेशबिचको बैठकले दुई प्रदेशबिचका बिमतिलाई छलफलबाट सहमतिमा ल्याउन बल पुग्छ। आगामी दिनमा भए गरेका प्रतिबद्धताअनुसार कार्यान्वयनबारे समीक्षा गर्दै अघि बढ्नुपर्छ। अन्तरप्रदेशबिचको बैठकले संघीय शासन प्रणालीलाई बलियो बनाउँदै लैजान्छ।

# केन्द्रबाटै प्रदेश र स्थानीय तहमा 'सिफ्ट' भएको भ्रष्टाचार



सागर पण्डित



संघीय लोकतान्त्रिक गणतन्त्र सँगै केन्द्र, प्रदेश र स्थानीय तह गरी तीन ओटा सरकारको अभ्यास हुँदै आयो। केन्द्रिकृत शासन प्रणालीमा केन्द्रीय सरकारमा व्यापक भ्रष्टाचार हुने गरेको थियो त्यही रोग संघीय शासनपछि बनेका प्रदेश सरकार र स्थानीय सरकारमा पनि सरेको छ।

यसको प्रमुख कारण नै भ्रष्टाचारको संस्थागत संरक्षण र दण्डहीनतालाई लिनुपर्ने सुशासनका विज्ञहरूको तर्क छ। यसो त केन्द्रिकृत शासन प्रणालीमा रहेका स्थानीय निकायमा पनि भ्रष्टाचारका घट्नाहरू भइरहन्थे तर संघीय शासन पछि बनेका स्थानीय तहहरूमा ठूलो मात्रामा बजेट पठाउन थालिएपछि अहिले सबैभन्दा बढी भ्रष्टाचार स्थानीय तहमा नै हुने गरेको पाइन्छ।

सुशासन कायम हुन नसक्दा र भ्रष्टाचारीलाई कारवाही नभई दण्डहीनता मौलाउँदा धेरै बजेट भएका स्थानीय तहहरू भ्रष्टाचारले थलिन पुगेका छन् भने त्यही रोग विस्तारै विस्तारै प्रदेश सरकारमा पनि सर्न थालेको छ। यद्यपि, केन्द्रीय सरकारमा समग्र मुलुकलाई दूरगामी असर पार्ने गरी ठूला नीतिगत भ्रष्टाचार हुने गरेका छन्।

त्यसैले ठूला भ्रष्टाचार काण्ड बढी मात्रामा केन्द्रीय सरकारमा नै हुने गरेको तथ्यलाई नकार्न सकिँदैन। उच्च तहमा सबै पक्षको मिलेमतोमा नै नीतिगत तहका भ्रष्टाचार हुने भएकाले त्यस्ता घट्ना हत्तपत्त सार्वजनिक हुन सक्दैन। सबैको मिलेमतोमा त्यस्ता ठूला भ्रष्टाचार सामसुम पार्ने गरिएको देखिन्छ।

महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा गरेको तिनवटै सरकार तथा अन्य संगठित संस्थाहरूको लेखापरीक्षणका क्रममा सबैभन्दा बढी बेरुजु केन्द्रीय सरकारकै देखिएको छ। महालेखाले देशभरका सबै निकाय गरी ५ हजार ६ सय ५ वटा सरकारी कार्यालयको ७८ खर्ब ८१ अर्ब ६० करोडको लेखापरीक्षण गर्दा ९५ अर्ब ६० करोड २१ लाख बेरुजु आयो। यो आर्थिक अराजकता नै हो।

तीनवटै सरकारमा व्याप्त आर्थिक अराजकतामध्ये सबैभन्दा बढी बेरुजु केन्द्रीय सरकारका निकायहरूमा नै देखिएको छ। जहाँ कुल बेरुजु ४६ अर्ब ५४ करोड रहेको छ। यसै गरी स्थानीय सरकारहरूमा ३१ अर्ब बेरुजु देखिएको छ भने प्रदेश सरकारका ६ अर्ब ५७ करोड बेरुजु देखिएको छ। यस्तै, संघीय संस्था र समितिहरूमा १० अर्ब ६४ करोड र प्रदेश सरकारका संस्था समिति र अन्य संस्थामा ८४ करोडको बेरुजु देखिएको छ।

बेरुजुलाई पूरै भ्रष्टाचार मान्न त सकिँदैन तर पनि प्रक्रिया नपुऱ्याई, नियमविपरीत खर्च गर्दा नै बेरुजु आउने गर्छ। तीनवटै सरकारमा देखिएको बेरुजुको भयावह रूप विश्लेषण गर्दा तिनवटै सरकारमा भ्रष्टाचार र अनियमितता व्यापक रूपमा हुँदै आइरहेको सहजै अनुमान गर्न सकिन्छ।

सबै सरकारका गरी हालसम्म बेरुजु झण्डै १३ खर्ब पुगिसकेको छ। महालेखा परीक्षक कार्यालयको ६१ औं वार्षिक प्रतिवेदनअनुसार सबै सरकारी निकायको सार्वजनिक जवाफदेहिता निकै कमजोर छ। सार्वजनिक निकायहरूमा उत्तरदायित्व, पारदर्शीता र निष्ठा प्रवर्द्धन गर्नुपर्ने आवश्यकता बढेको महालेखाको निष्कर्ष छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरीको संख्या हेर्दा सबैभन्दा बढी भ्रष्टाचार स्थानीय तहमा हुने गरेको पाइए पनि नीतिगत तहमा केन्द्रमा बीढ भ्रष्टाचार हुने र त्यस्तो भ्रष्टाचार कतिपय गोप्य रहने र कतिपय सार्वजनिक हुन वर्षौं लाग्ने भएकाले पनि केन्द्रको भ्रष्टाचार कम देखिएको हो। उदाहरणको लागि ललितानिवास जग्गा प्रकरणमा भएको अनियमिततालाई हेर्न सकिन्छ।

जहाँ भएको अनियमितता वर्षौं पछिमात्रै सार्वजनिक भएको थियो। महालेखाको प्रतिवेदन अनुसार केन्द्रका १० वटा मन्त्रालय र मातहतका निकायमा बढी बेरुजु देखिएको छ। यस अर्थमा ती निकायमा आर्थिक अराजकता बढी छ। जसमा अर्थ मन्त्रालय र मातहतका निकाय एक नम्वरमा छन्। त्यसै गरी दोस्रो नम्वरमा आर्थिक अराजकता बढी हुनेमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र मातहतका निकाय छन् भने तेस्रो नम्बरमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र मातहतका निकाय छन्।

यसैगरी आर्थिक अराजकता बढी देखिएका अन्य मन्त्रालय र मातहतका निकायमा क्रमशः ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय, सहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय,भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, गृह मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय र परराष्ट्र मन्त्रालय रहेका छन्। उता, प्रदेश सरकारहरूमा सबैभन्दा बढी आर्थिक विकृति मधेस प्रदेशमा रहेको महालेखाले औंल्याएको छ। यस्तै स्थानीय तहमा भने महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामा बढी आर्थिक विकृति रहेको महालेखाको ठहर छ।

नेपालमा भ्रष्टाचारविरुद्ध धेरै पहिलेदेखि नै आवश्यक कदम चालिँदै आइएको भए पनि त्यो खासै प्रभावकारी हुन सकेको छैन। मुलुकी ऐनमा पहिलोपटक भ्रष्टाचारसम्बन्धी प्रावधानहरू उल्लेख गरिएका थिए। भ्रष्टाचारसम्बन्धी पहिलो कानुन भने भ्रष्टाचार निवारण ऐन २००९ थियो। तर, सो ऐनको प्रभावकारी कार्यान्वयन हुन सकेन। यसै गरी पहिलोपटक ऐन जारी भएको झण्डै पाँच दशकपछि २०५९ सालमा फेरि नयाँ भ्रष्टाचार निवारण ऐन जारी भयो।

यो ऐनको पनि सशक्त कार्यान्वयन हुन नसक्दा नेपालमा भ्रष्टाचार घट्नुको साटो झन् बढ्दै र झाँगिदै गएको पाइन्छ। अख्तियारकै अनुसन्धान प्रतिवेदनले अहिले पनि कैयौं सरकारी कार्यालयमा सेवा लिँदा अतिरिक्त रकम (घुस) दिनुपर्ने बाध्यता रहेको देखाएको छ। यस्ता कार्यालयहरूमा केन्द्र र स्थानीय तह मातहतका कार्यालय बढिरहेका छन्।

अख्तियारको सो अध्ययन प्रतिवेदनअनुसार अहिले पनि खानेपानी कार्यालय, आन्तरिक राजस्व कार्यालय, जिल्ला प्रशासन कार्यालय, नापी कार्यालय, नगरपालिका र गाउँपालिका कार्यालय, मालपोत कार्यालयलगायतमा घुसको लेनदेन अत्यधिक हुने गरेको छ।

त्यसैगरी जिल्ला प्रहरी कार्यालय, सडक कार्यालय, यातायात कार्यालय, वैदेशिक रोजगारसम्बन्धी कार्यालयमा पनि घुसको लेनदेन हुने गरेको अख्तियारको प्रतिवेदनले औंल्याएको छ। घुस खानेहरूले विभिन्न किसिमका नयाँ तरिकाहरूसमेत अपनाउने गरेका छन्। जसका कारण ओभरसाइट एजेन्सीबाट उनीहरू सजिलैसँग उम्किरहेका छन्।

अहिले केन्द्रदेखि प्रदेश र स्थानीय तहमा एकै किसिमका भ्रष्टाचारका प्रवृत्ति देखापरेका छन्। जसमा सार्वजनिक सम्पतिको हिनामिना गर्ने, घुस रिसवत लिने, दिने, गैरकानुनी सम्पत्ति आर्जन गर्नेजस्ता कार्यहरू सरकारी निकायमा अधिक रूपमा देखिने गरेको अख्तियारका अनुसन्धान अधिकृतहरूको अनुभव छ।

यसैगरी झुट्टा विवरण पेस गरी सरकारी नियुक्ति लिने, सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्ने, बदनियतपूर्वक व्यक्तिगत लाभका लागि सार्वजनिक खरिद तथा निर्माणका काम गरी सरकारलाई हानि पुऱ्याउने, गलत लिखत वा प्रतिवेदन बनाउने, कागजात सच्याउनेलगायतका भ्रष्टाचारका प्रवृत्ति तीनवटै सरकारका निकायहरूमा देखिने गरेको अख्तियारको अनुसन्धानले देखाएको छ।

अख्तियारका अनुसन्धान अधिकारीहरूका अनुसार तिनै तहमा उस्तैखाले भ्रष्टाचार रहेका र केन्द्रमा नीतिगत तह, र ठूला ठूला विकास निर्माणका कार्यमा तथा प्रदेश तहमा अनुदान वितरणमा बढी अनियमितता हुने गरेको छ भने स्थानीय तहमा विकास निर्माणका कार्यमा बढी अनियमितता हुने गरेको छ। संघीयता आएपछि केन्द्रबाट प्रदेश र स्थानीय तहमा बजेट तथा कार्यक्रम प्रवाह भएसँगै केन्द्रको भ्रष्टाचारको प्रवृत्ति प्रदेश र स्थानीय तहमा सिफ्ट भएको सुशासनका जानकारहरूको भनाइ छ।

समाचारपत्रबाट

# फरक क्षमता भएका व्यक्तिलाई सहायता सामग्री



रामपुर। रामपुर नगरपालिकामा फरक क्षमता भएका व्यक्तिलाई सहायता सामग्री उपलब्ध गराइएको छ। यहाँको रामपुर-७ मा बसोबास गर्ने फरक क्षमता भएका नौ जनालाई सहायता सामग्री (ह्विलचियर) सहयोग गरिएको हो।

पूर्णअपाङ्गता भएका व्यक्तिलाई वडा कार्यालयले सो सामग्री उपलब्ध गराएको जनाएको छ। हिँड्न नसक्ने र परिवारका सदस्यको सहयोगमा रहेका 'क' वर्गका पूर्णअपाङ्गता भएका व्यक्तिमध्ये आवश्यकताका आधारमा नौ जनालाई ह्विलचियर वितरण गरिएको वडाध्यक्ष दोवराज तिवारीले जानकारी दिए।

रु एक लाख ११ हजार बराबरको लागतमा सामग्री खरिद गरेर वितरण गरिएको वडा सचिव गीता लम्साल पौडेलले बताए। उनका अनुसार वडा कार्यालयबाट अपाङ्गता सहायता सामग्री खरिद शीर्षकमा विनियोजित रु ५० हजार र जापानी नागरिक काजुमा साकाकीमीबाट प्राप्त रु ६१ हजार सहयोगमा सामग्री खरिद गरी वितरण गरिएको छ।

# एच.पि.भी. खोप अभियानले रोक्ने क्यान्सरको बाटो

भोजराज पोखेल

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पाठेघरको मुखको क्यान्सर बिरुद्धको एच.पि.भी.खोप देशैभरी एकैसाथ अभियानको रुपमा सञ्चालन गर्न लागिरहेको छ। २०८१ माघ २२ गतेदेखि फागुन ६ गतेसम्म सञ्चालन गर्न लागेको छ।

स्वास्थ्य मन्त्रालय र स्वास्थ्य सेवा बिभाग अन्तर्गत रहेका सम्पूर्ण खोप कार्यक्रम सञ्चालन भएका सूचीकृत स्वास्थ्य संस्थाहरुबाट कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन/अध्यापन हुने बिद्यालयलाई खोप केन्द्रको रुपमा स्थापना गरी निःशुल्क रुपमा राष्ट्रीय खोप अभियान सञ्चालन हुँदैछ। महिलाहरुमा हुने पाठेघरको क्यान्सर जस्तो घातक रोगबाट भविष्यका कर्णधारको रुपमा रहेका बालिकाहरुलाई बचाउने दायित्व सबैको हुन्छ।

भनिन्छ नि, 'रोग लाग्नु भन्दा रोगको बाटो छेक्नु नै बेस' ठीक त्यसैको उपज मानेर यो कार्यलाई निकै महत्वको साथ हेरिएको छ। त्यसैले हरेक स्वास्थ्य संस्थाहरुबाट यो कार्यक्रमलाई निकै संवेदनशील र अनिवार्य प्रयोगमा ल्याउनुपर्ने कार्यक्रमको रुपमा हेरिएको छ। एच.पि.भी. खोप अभियान २०८१ माघ २२ गतेदेखि फागुन ६ गतेसम्म सरोकारवालाहरु सहभागी भइ सफल बनाउनु हामी सबैको दायित्व र कर्तव्य हुनेछ।

एच.पि.भी. एक प्रकारको भाइरस हो। यसलाई ह्युमन प्यापिलोमा भाइरस ह्युमन प्यापिलोमा भाइरस (एचपीभी) भनिन्छ। पाठेघरको मुखको क्यान्सरको प्रमुख कारक तत्व यही एच.पि.भी. हो। यो भाइरसको २०० भन्दा बढी किसिमका प्रजातिहरु हुन्छन्। तीमध्ये १२ वटा प्रजाति पाठेघरको मुखको क्यान्सर गराउने कारक तत्व मानिन्छन्। यसमध्ये प्रजाति १६ र प्रजाति १८ प्रमुख कारण हुन् भन्ने कुरा बिभिन्न अध्ययनहरुले देखाएको छ। नेपालमा ८० प्रतिशत पाठेघरको मुखको क्यान्सर यी २ प्रजातिबाट भएको पाइन्छ। पाठेघरको मुखको क्यान्सर मुख्य गरेर एच.पी.भी. भाइरसको संक्रमणबाट हुन्छ। यो रोगबाट नेपालमा प्रत्येक दिन ४ जना महिलाको मृत्यु हुन्छ भने बिभिन्न क्यान्सर मध्ये पाठेघरको मुखको क्यान्सर महिलाको मृत्युको पहिलो कारण बनेको छ।

**एच.पि.भी.खोपको महत्व**

खोप निःशुल्क पाइन्छ, खोप सुरक्षित छ। खोपले जीवन रक्षा गर्दछ। खोप ठूलो जनसमूहलाई सुरक्षित गर्ने साधन हो। अहिले एच.पि.भी. खोप १४४ देशको राष्ट्रिय खोप तालिकामा समावेश गरी किशोरीहरुलाई दिँदै आइरहेको छ। त्यसैले यसको प्रभाबकारीता शतप्रतिशतसम्म रहेको बिभिन्न अध्ययनले देखाएको छ। कक्षा ६ देखि १० कक्षासम्मका छात्राहरु र विद्यालय नजाने १० देखि १४ वर्ष उमेर समूहका किशोरीहरुलाई मुख्यत विद्यालय केन्द्रीत खोपकेन्द्रबाट एच. पि.भी. खोप दिइदैछ। पाठेघरको मुखको क्यान्सरलाई जनस्वास्थ्य समस्याको रुपमा नरहने अवस्थामा पुऱ्याउन नेपाल सरकारले सन् २०३० सम्म तीनवटा स्वास्थ्य सेवाका गन्तब्य निर्धारण गरेको छ।

१. १० देखि १४ वर्ष उमेरभित्रका किशोरी हरुलाई पाठेघरको मुखको क्यान्सर बिरुद्धको खोप दिने।

२. ३० देखि ४९ वर्ष उमेरका महिलाहरुको पाठेघरको मुखको क्यान्सरको परिक्षण (स्क्रिनिङ्ग) गर्ने।

३. पाठेघरको मुखको क्यान्सर निदान भएका महिलाहरुको उपचार गर्ने।

एच.पि.भी. खोप खभियान २०८१ देशैभरी एकैसाथ २०८१ माघ २२ गतेदेखि फागुन ६ गतेसम्म सञ्चालनमा रहेको हुनाले आ-आफ्नो पायक पर्ने टोलका विद्यालयमा कहिले चल्दैछ भनेर स्वास्थ्यकर्मीहरु, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका, बिद्यालय नर्स, बिद्यालयका शिक्षक, जनप्रतिनिधी र अन्य सरोकारवालाहरुलाई सोधेर जानाकारी लिऔं तर अभियानमा कोही नछुटौं। यो वर्ष कक्षा ६ देखि १० सम्मका छात्राहरु र बिद्यालय नजाने १० वर्षदेखि १४ वर्षसम्मका किशोरीहरुलाई दिन लागिएको एच.पि.भी. खोप एक मात्रा लगाए पुग्दछ। किशोरीहरु महिनावारी भएको बेला पनि यो खोप लगाउन मिल्दछ। यसले नियमित हुने महिनावारी लाई कुनै असर गर्दैन।

खोप लगाउँदैमा महिनावारी छिटो शुरु हुने वा ढिला हुने केही हुँदैन। त्यासैले एच.पि.भी. खोप अभियान चलेको बेलामा केही कारण देखाएर कोही नछुटौं कोही नदाहोरिऔं। यसरी नेपाल सरकारबाट अभियानको रुपमा निःशुल्क बितरण गरिएका सबै महत्वपूर्ण खोपहरुलाई प्रत्येक बालबालिकाका अभिभावक, स्वास्थ्यका सम्पूर्ण सरोकारवालाहरु, राज्यका तिनै तहका जनप्रतिनिधी, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, प्रशासनलगायत सबैको आ-आफ्नो तहबाट सहयोग र सहकार्य रहेमा मात्र राज्यको यो महत्वपूर्ण कार्यको साथर्कता रहन्छ। त्यसैले सबैले मिलेर यो अभियान सफल पारौं र आ-आफ्ना बालिकाहरुलाई घातक रोगबाट बचाऔं।

स्वास्थ्य खबरबाट

**१६१ जना...**

रुपन्देही खुला सिमाका कारण चोरी तस्करी पनि व्यापक हुने हुँदा न्यूनीकरण र नियन्त्रणका लागि रुपन्देही प्रहरीले एक महिनाको दौरान ८० लाख ५४ हजार ४ सय ५६ रुपैयाँ बराबरको भन्सार छलीका विभिन्न वस्तुहरु बरामद गरी भैरहवा भन्सार कार्यालय चलान गरेको छ । अघिल्लो महिनामा ३८ लाखको सामानहरु नियन्त्रणमा लिएको थियो । नियन्त्रणमा लिएको सामानमध्ये किराना, सवारीसाधन, कपडा, चल्ला, कुखुरा, माछा र अन्य सामानहरु रहेको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ ।

यसै अवधिमा जिल्लामा १३० वटा विभिन्न मुद्दाहरु दर्ता भएको र ५० वटा फछ्र्यौट भएको छ, दर्ता भएको मुद्दामध्ये ९१ जनालाई पक्राउ गरिएकोमा २८ जना फरार रहेकोले खोजी कार्य भइरहेको छ । माघ महिनामा घरेलु हिंसाको ४५ वटा उजुरी आएकोमा ३४ जनालाई सहमती गरी पठाइएको छ भने ११ वटा बाँकी रहेको छ । एक महिनामा १८ जनालाई आत्महत्या गरेको प्रहरीले जानकारी दिएको छ, जसमध्ये बढी १९ वर्षदेखि ३५ वर्षको उमेर समूहमा रहेका छन् । प्रहरीले नियमित कामसँगै समुदायसँग साझेदारीको कार्यक्रम पनि व्यापक रुपमा गर्ने गरेको छ विभिन्न सचेतनामूलक कार्यक्रम जिल्ला भर १९६ वटा गरेकोमा १४ हजार ९ सय ६४ जना लाभान्वित भएको कार्यालयले जानकारी दिएको छ ।

यस्तै यस अवधिमा जिल्ला ट्राफिक प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय एवं मातहतको संयुक्त टोलीबाट गरिएको सवारीसाधान चेकिङ्बाट ३ हजार १ सय ५७ वटा सवारीसाधानलाई कारबाही गरी ३७ लाख १२ हजार राजस्व संकलन भएको

# चौबिस वर्षपछि सडक स्तरोन्नति



बागलुङ । ट्र्याक खुलेको २४ वर्षपछि बागलुङ बजारदेखि सिगाना पुग्ने सडक स्तरोन्नति हुँदैछ । विसं २०५४ मा बागलुङ नगरपालिका-८ सिगाना खण्डको सडक २४ वर्षपछि स्तरोन्नति हुन थालेको हो । बागलुङ बजारदेखि काठेखोलासम्म कालोपत्र भइसकेको छभने गोखोलासम्मको सडक ग्राभेल भएर कालोपत्रको चरणमा छ । विसं २०५४ मा बागलुङ बजारदेखि रु तीन लाख बजेटमा सिगानातर्फ सडक ल्याउने कामको सुरुआत भएको थियो ।

तत्कालीन गाविस अध्यक्ष टोपबहादुर खड्काले सडक खुलेको २४ वर्षपछि सडक स्तरोन्नति भएकामा खुसी व्यक्त गरे । सिगानामा एक निर्वाचन क्षेत्र एक रणनीतिक सडकअन्तर्गत अहिले सडक स्तरोन्नतिसँगै घुम्ती सडक ढलान, अन्यत्र ग्राभेल र काठेखोलासम्म कालोपत्र भएपछि सिगानाको यात्रा छोटिएको छ । यसले कटिनपूर्ण यात्रा सहज भएको खड्काको भनाइ छ ।

बागलुङ बजारदेखि बोक्सेसम्म दुई वर्षअघि नै कालोपत्रे सम्पन्न भइसकेको थियो भने अहिले बोक्सेदेखि सिगानासम्मको आठ किमी सडक ग्राभेल भएपछि ट्याक्सी, बस तथा अटो गुड्न थालेका छन् । सिगानामा नियमित स्कुल बस पुग्न थालेका छन् भने आन्तरिक पर्यटकले ट्याक्सी र अटोरिक्सा लैजान थालेका हुन् । कालोपत्र सडक पुग्न थालेपछि सिगानामा विकासले विस्तारै गति लिँदैछ ।

काठेखोलामा पुल नहुँदासम्म बर्खाका समयमा सिगानामा यातायातका साधन चल्दैनथे । खच्चडकै भरमा सामग्री ढुवानी गर्नुपथ्र्यो । बागलुङ सदरमुकामदेखि सिगानाको बौडेचौर पुग्न दुई घण्टाभन्दा बढी समय लाग्दथ्यो । वडा कार्यालयसम्म पुग्नै एक घण्टाजति समय लाग्थ्यो, सडक स्तरोन्नतिसँगै हाल १५ मिनेटमै त्यो दूरी पार गर्न सकिन्छ ।

सिगानामा रु २९ करोड लागतमा आठ किलोमिटर (किमी) सडक कालोपत्र र ढलान गर्नका लागि ३२ महिनाका लागि ठेक्का सम्झौता भएको थियो । सडक कालोपत्रको जिम्मा पाएको कर्ण बिल्डर्सका साइट इन्चार्ज सन्दीप श्रेष्ठले फागुनसम्म छ किमी सडक कालोपत्र गर्नेगरी काम भइरहेको बताए ।

बागलुङ क्षेत्र नं. १ अन्तर्गत बागलुङ बजार, अदालत चौपारी हुँदै सिगाना, चापाखर्क, गाजाको दह, बरेङ शान्तिपुर जोड्ने ३० किमी सकडमध्ये पहिलो चरणमा १० किमी सडकको काम अन्तिम चरणमा पुगेको छ भने पुनः १० किमी सडकको ठेक्का खोल्ने तयारी भइरहेको छ ।

---

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## लुम्बिनी प्रादेशिक अस्पताल

बुटवल, नेपाल

## दक्ष जनशक्ती सेवा करारमा पदपूर्ति

दोश्रो पटक प्रकाशित मितिः२०८१/११/०२

यस अस्पतालमा तपसिलमा उल्लेखित रिक्त भएको दक्ष जनशक्ती सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको लागी यस अस्पतालको वेभसाइट www.lphospital.gov.np तथा अस्पतालमा सम्पर्क राख्नुहुन जानकारी गराइन्छ ।

**तपसिल**

| सि. नं. | विज्ञापन नं. | पद | तह | न्यूतम शैक्षिक योग्यता | माग पद संख्या |
|---|---|---|---|---|---|
| १ | ३/२०८१/०८२ | कन्सल्टेण्ट नेफ्रोलोजिष्ट | नवौं | सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त | १ जना |

पदपूर्ति समिति

---

लुम्बिनी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय

बुटवल, रुपन्देही

## बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/११/०२**

यस कार्यलयबाट भूमिगत स्यालो तथा डिप ट्युववेल सिंचाइ कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका निर्माण कार्यहरु दरभाउपत्र र बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले ड्रिलिंग कार्य सम्बन्धि इजाजत प्राप्त इच्छुक तथा योग्य निर्माण व्यवसायीहरुबाट निम्न अनुसारको कार्य गर्नको लागि विद्युतीय माध्यम https/bolpatra.gov.np/egp बाट दरखास्त दिनुहुनको लागि यो सूचना आह्वान गरिएको छ । अन्य बिस्तृत जानकारीको लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| सि.न. | ठेक्का न. | कामको विवरण | ठेक्का रकम रु (इन्सुरेन्स र र भ्याट समेत) | बिड बोन्ड/ धरौटी रकम रु | बोलपत्र दस्तुर रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | GWIDDBTL/ 13-2081-82(STW) | Construction of 6" dia. Tube well with Well Development and Installation of Pump& Accessories at different locations of Palpa District. | 23,06,979.48 | 58000 | 3000 | बोलपत्र |
| २ | GWIDDBTL/ 14-2081-82(STW) | Construction of 6" dia. Tube well with Well Development and Installation of Pump & Accessories at different locations of Gulmi District. | 23,04,198.73 | 58000 | 3000 | बोलपत्र |
| ३ | GWIDDBTL/ 15-2081-82(STW) | Construction of 6" dia. Tube well with Well Development and Installation of Pump & Accessories at Sainamaina 4 Rupandehi District | 13,42,909.63 | 34000 | 1000 | दरभाउपत्र |
| ४ | GWIDDBTL/ 16-2081-82(-STW) | Construction of 4" dia. shallow Tube well (by hammering method) at susta-4 & Pratapur-8 Nawalparasi District. | 19,15,037.67 | 48000 | 3000 | बोलपत्र |

**कार्यालय प्रमुख**

---

## Chhatrakot Rural Municipality

**Office of the Rural Municipal Executive**

Choyaga, Gulmi

## Invitation for Electronic Bids

**Date of First Publication: 14 February, 2025**

1. The **Office of Chhatrakot Rural Municipal Executive, Choyaga, Gulmi** invites electronic bids from Nepalese eligible bidders for Work as mentioned below under Sealed Quotations.

| Contract No. | Description of Works | Bid Document Fee (NRs.) | Bid Securities (NRs.) | Estimated Price(with Vat and Ps) |
|---|---|---|---|---|
| CRM/Gul/G/ SQ-08/081-82 | Upgrading of Guntung Jherdi Sisne Road(2nd Part) | 1,000 | 52,500 | 19,37,324.13 |

2. Eligible Bidders can get further information regarding Bid Document at the Office of Chhatrakot Rural Municipal Executive, Choyaga, Gulmi during office hours, Office website **www.chhatrakotmun.gov.np**, Contact no. 9857067908, 9861253525 and inspect the bidding document at PPMO website**www.bolpatra.gov.np/egp**.

**Chief Administrative Officer**

---

## Bhumikasthan Municipality

**Office of the Municipal Executive**

**Nuwakot, Arghakhanchi**

**Lumbini Province, Nepal**

## Invitation for BIDs

**Second Notice Publication Date : 14-02-2025 (2081-11-02)**

1. The Bhumikasthan Municipality invites BIDs through e-GP system i.e www.bopatra.gov.np/egp from registered contractors for the construction of following projects.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Document Forms by visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidding Document may be purchased by eligible Bidders to submit their bid electronically shall deposit the cost of bidding document amount in the account specified below:


   **Deposit the Cost of Bidding Document the Bank Address is:**
   Name of the Bank: **Prabhu Bank Ltd.**
   Name of the Office: **Bhumikasthan Municipality, Arghakhanchi.**
   Account Name : **Internal Revenue.**
   Office Code No.: 801055101
   Revenue Code No.: 14249
   Office Account no: **2587086986800138**
4. Bid Security must be valid for the period as specified below the table after bid opening and shall be valid for 30 days beyond the validity period of the bid.

   **Cash Deposit Account for Bid Security the Bank Address is:**
   Name of the Bank: **Prabhu Bank Ltd.**
   Name of the Office: **Bhumikasthan Municipality, Arghakhanchi.**
   Account Name : **Dharouti Account**
   Office Account no: **2587086986800048**
5. Bidding Document must be submitted through e-GP system i.e www.bopatra.gov.np/egp on or before 03-03-2025 12:00 hours . Bids received after this deadline will be rejected.
6. Bidding Document shall be opened in the presence of Bidders' representatives who choose to attend at 03-03-2025 13:00 hours at the office of Bhumikasthan Municipality.

**__Bidders other details are as given below:**

| Contract ID | Name of Contract | Estimated Amount (Exclusive VAT and Contingencies) | BID Price (Not Refundable) | Bid Security Amount In NRs | BID Document Purchase Date and Time | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 19/BMA/W/WS/ 2081/082 | Dhungabot Ramkot Lift Water Supply Scheme. | 8,65,800.00 | 1000 | 25000 | 02-03-2025 AD (2081-11-18 BS) 17:00 hrs. | 45 Days |
| 24/BMA/W/RM /081/82 | Dharapani Dhakabang Road Maintenance Works. | 25,66,353.22 | 3000 | 72500 | | 90 Days |

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# अक्सफोर्ड माविले ३४औं वार्षिकोत्सव मनाउँदै




बुटवल । बुटवल सुख्खानगरमा रहेको अक्सफोर्ड माध्यमिक विद्यालयले आफ्नो ३४औँ वार्षिकोत्सव तथा अभिभावक दिवस विविध कार्यक्रम गरेर मनाउँदै छ । विद्यालयले बिहीबार, शुक्रबार र शनिबार गरी तीन दिवसीय कार्यक्रम गरेर वार्षिकोत्सव, पुरस्कार वितरण तथा सांगितिक कार्यक्रम गरेर अभिभावक दिवस मनाउने भएको हो । अभिभावक दिवसको उद्घाटन गर्दै लुम्बिनी प्रदेशका सांसद भोजप्रसाद श्रेष्ठले शैक्षिक क्षेत्रको विकासकालागि निजी क्षेत्रले दिएको योगदानलाई बिर्सन नसकिने बताए ।

उनले बुटवल शैक्षिक हवका रुपमा विकास भएको उल्लेख गर्दै शैक्षिक गुणस्तरीयता कायम गर्न निजी शैक्षिक संस्थाहरुले दिएको नतिजा प्रशंसनीय रहेको बताए । उनले सामुदायिक र संस्थागत विद्यालयहरुले शैक्षिक विकास र सुधारकालागि ठूलो लगानी गरेको बताउँदै अब शिक्षालाई सीप र क्षमता विकासको माध्यमका रुपमा जोड्नु पर्ने जनाए ।

कार्यक्रममा विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्दै अक्सफोर्डका प्राचार्य दिनेश भुसालले अक्सफोर्डलाई डिजिटल एकेडेमिका रुपमा विकास गर्ने बताए । उनले अक्सफोर्ड देशमै धेरै विद्यालय हुने विद्यालयमध्ये तेस्रो स्थानमा परेको उल्लेख गर्दै विद्यालयको थप गुणस्तर वृद्धि, भौतिक प्रगति र विद्यार्थी, अभिभावको चाहना अनुसार अक्सफोर्ड विश्वविद्यालयका रुपमा विकास गर्ने गरी योजनाहरु बनाएको जनाए । विद्यालयले संस्कारसहितको शिक्षालाई बढी जोड दिएको बताँउदै उनले विद्यार्थीलाई मोबाइल, टिभिमा भन्दा अध्ययन र खोज अनुसन्धानमा लाग्न प्रोत्साहन गर्न अभिभावकहरुलाई अनुरोध गरे ।

विद्यालय सञ्चालक समितिका अध्यक्ष दुर्गादत्त भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा बुटवल वडा नम्बर ८ का वडाध्यक्ष यज्ञप्रसाद पंगेनी, कालिका माविका प्राचार्य दिनेश थापा, नवरत्न माविका प्राचार्य भविश्वर बञ्जाडे, अक्सफोर्ड कलेजका अध्यक्ष अजित खनाल, क्याम्पस प्रमुख मनोज मरासिनी, प्राध्यापक सुमन भुसाललगायतले शैक्षिक तथा अतिरिक्त कृयाकलापमा उत्कृष्टता हासिल गर्ने विद्यार्थीहरुलाई बधाई तथा शुभकामना दिएका थिए । शिक्षक कपिल ढकाल, विद्यार्थीद्वय टेरिसा भण्डारी र श्रेया पाण्डेको सञ्चालनमा भएको कार्यक्रममा विद्यार्थी तथा अभिभावकहरुले विभिन्न सांस्कृतिक प्रस्तुतिहरु प्रस्तुत गरेका थिए भने विद्यालयले उत्कृष्टता हासिल गर्ने विद्यार्थी र शिक्षकलाई पुरस्कार वितरण गरेको शिक्षक लक्ष्मण घिमिरेले जानकारी दिए ।

# पूर्वप्रधानमन्त्री नेपाल र भट्टराईविरुद्धको मद्दा पूर्ण इजलासमा





**लुम्बिनी संवाददाता**

*बुटवल*

पूर्व प्रधानमन्त्रीद्वय माधव नेपाल र बाबुराम भट्टराईविरुद्ध भ्रष्टाचार र लिखतसम्बन्धी कसुर (किर्ते) मुद्दा चलाउनुपर्ने मागसहित सर्वोच्च अदालतमा दायर रिटमा अब पूर्ण इजलासमा सुनुवाइ हुने भएको छ ।

५ वर्षअघि दायर रिटमा न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेको इजलासमा आज सुनुवाइ हुँदा पूर्ण इजलासमा पेस हुने आदेश भएको हो ।

पूर्ण इजलासमा कम्तीमा ३ जना न्यायाधीश हुन्छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बालुवाटारस्थित ललिता निवास घोटाला प्रकरणमा नेपाल र भट्टराईलाई मुद्दा नचलाएपछि वरिष्ठ अधिवक्ता बालकृष्ण नेउपानेले २०७६ माघ २९ मा यो रिट दायर गरेका थिए । यहीबिचमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले यसै प्रकरणमा किर्ते मुद्दा चलाउँदा पनि पूर्वप्रधानमन्त्रीद्वय नेपाल र भट्टराई उन्मुक्ति दिइएपछि उक्त मुद्दामा पनि उनीहरूलाई विपक्षी बनाउनुपर्ने माग गरी थप रिट दायर भएका थिए । बालुवाटारस्थित ललिता निवासको १३६ रोपनी सरकारी जग्गा घोटाला गरिएको अख्तियारको अनुसन्धानको निष्कर्ष थियो ।

यस प्रकरणमा अख्तियारले २०७६ माघ २२ गते सरकारी कर्मचारी तथा पदाधिकारी ६०, जग्गाधनी तथा मोही भनिएका व्यक्तिहरू ३२, कमिसनका रूपमा सरकारी जग्गा लिनेहरू १८ जना र जफत गर्ने प्रयोजनका लागि ६५ गरी जम्मा १ सय ७५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो ।

यस घोटालामा पूर्वप्रधानमन्त्रीद्वय नेपाल र भट्टराई दोषी देखिए पनि मन्त्रिपरिषद्का नीतिगत निर्णयलाई लिएर मुद्दा चलाउने अधिकार आफूसँग नरहेको भन्दै अख्तियार पन्छिएको थियो । अख्तियारले उनीहरूको बयान भने लिएको थियो । उक्त बयान अख्तियारमा सुरक्षित छ । तर, बालुवाटारको जग्गाबारे गरिएका निर्णय नीतिगत हुन नसक्ने रिट निवेदकको दाबी थियो । नीतिगत निर्णय के हुने र के नहुने भन्ने विषयमा पनि व्याख्याको माग निवेदकले गरेका थिए ।

# नेसपा नयाँ शक्तिमा भट्टराई निर्वाचित



बुटवल । नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) को प्रथम महाधिवेशन पार्टीको मुल नेतृत्व चयन गर्दै सकिएको छ । राजधानीको प्रज्ञा भवनमा आइतबारदेखि सुरु भएको प्रथम महाधिवेशन बिहीबार सकिएको हो ।

पार्टीको अध्यक्षमा डा. बाबुराम भट्टराई निर्वाचित भएका छन् । नेसपा (नयाँ शक्ति) को अध्यक्षमा भट्टराईसहित ९९ सदस्यीय केन्द्रीय समिति निर्वाचित भएको छ । जसमा २२ जना निर्विरोध निर्वाचित भएका छन् ।

बाँकी पदमा भएको निर्वाचनको अन्तिम मतपरिणाम सार्वजनिक गरिएको छ ।

दलित उपाध्यक्षमा दुर्गा सोव, महिला उपाध्यक्षमा मानुषी यमि भट्टराई, कोषाध्यक्षमा हरि रिजाललगायत २२ जना निर्विरोध निर्वाचित भएको पार्टीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

अध्यक्षलगायत पदहरुमा प्रत्यक्ष निर्वाचन प्रणालीद्वारा मतदानको प्रक्रिया सञ्चालन गरेको थियो । जारी विज्ञप्तिअनुसार केन्द्रीय समितिमा उपाध्यक्षहरु, सचिवहरु र केन्द्रीय सदस्यहरू नेपालको संविधान र पार्टीको विधानले व्यवस्था गरे बमोजिम जातीय संरचना महिला, युवा, खसआर्य, आदिवासी जनजाति, दलित, मुस्लिम, मधेसी, अल्पसंख्यक समुदायको समुचित प्रतिनिधित्वसहित उम्मेदवारीको कोटा निश्चित गरी मतदान भएको थियो ।

निर्वाचनमार्फत् केन्द्रीय समितिमा युवाहरूको कम्तीमा २० प्रतिशत प्रतिनिधित्व हुने गरी मतपत्रमा सुनिश्चित गरिएको थियो । यस्तै देश बाहिर रहेका प्रवासी नेपालीहरूलाई विद्युतीय प्रणालीको माध्यमबाट मतदान गर्ने व्यवस्था गरिएको थियो ।

# रूपन्देहीमा छोराले गरे आमाको हत्या




बुटवल । रुपन्देहीमा एक युवकले आफ्नै आमाको हत्या गरेका छन् ।

जिल्लाको कञ्चन गाउँपालिका वडा नं. १ सुन्दर टोलकी ४५ वर्षीया आमा पार्वती परियारको २० वर्षीय छोरा सरोज परियारले हँसिया प्रहार गरी हत्या गरेका हुन् । इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी नायब उपरीक्षक विजयराज पण्डितका अनुसार बुधबार राति करिब १ बजेको समयमा सरोजले आमा पार्वतीको हात र अनुहारमा हँसिया प्रहार गरी हत्या गरेका हुन् ।

सरोज पहिल्यैदेखि मानसिक रोगी रहेका र मदिरा सेवन गरेर आमामाथि हँसिया प्रहार गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएको डीएसपी पण्डितले बताए । घटना लगत्तै छोरा सरोजलाई पक्राउ गरी अनुसन्धान सुरु गरेको प्रहरीले जनाएको छ ।

घरमा मृतक पार्वती र सरोज मात्रै बस्दै आएका थिए । पार्वतीका जेठा छोरा रोजगारीका लागि भारतमा रहेका छन् ।

# नौजाले मायामा अञ्जली अधिकारीसँग नाच्दै सागर




बुटवल । स्वास्थ्य व्यवसायी सागर पाठक चर्चित मोडल अञ्जली अधिकारीसँग नौजाले माया गीतमा अभिनय यात्रा सुरु गरेका छन् । लोकसंगीतका पारखी सागरको म्युजिक भिडियोमा यो पहिलो डेब्यू हो । लोक तथा दोहारी गायिका सकुन्तला गैरेले नौजाले रुमाल गीत बजारमा ल्याएकी हुन् ।

मायापिरतीको कथामा आधारित रहेर निकालिएको नौजाले रुमालमा लुम्बिनी प्रदेशका परिवेशलाई उतारिएको छ । गीतमा शकुन्तला र नन्दु परियारको स्वर सुन्न सकिन्छ भने भिडियोमा सर्वाधिक चर्चित मोडलमा पर्ने अञ्जली अधिकारीसँग सागरले अभिनय गरेका छन् ।

उनीहरुसँगै सन्ध्या सुनारको पनि अभिनय देख्न सकिन्छ । सागरले भविष्यमा पनि अभिनयलाई निरन्तरता दिन सक्ने बताए ।

विष्णु भट्टराईको निर्देशनमा बनेको म्यूजिक भिडियोको सम्पादन समेत उनैले गरेका हुन् । पाल्पाली गायिका गैरेले आफ्नै यूट्यूव च्यानलबाट उक्त गीतको भिडियो सार्वजनिक गरेकी छन् । गायिका गैरैले यसअघि पनि दर्जनौं गीतहरु गाइसकेकी छन् ।

# बर्दघाटले 'नगर गान' तयार गर्दै



नवलपरासी । पश्चिम नवलपरासीमा रहेको बर्दघाट नगरपालिकाले आफ्नो छुट्टै नगर गान बनाउने काम सुरु गरेको छ । आफ्नो पहिचान झल्कने गरी नगर गान निर्माण गर्ने कार्य अघि बढाइएको नगरप्रमुख शम्भुलाल श्रेष्ठले जानकारी दिए ।

उनले नगरको भौगोलिक अवस्था, सामाजिक र सांस्कृतिक पहिचान हुने गरी नगर गान निर्माण गर्न थालिएको बताए । नगर गानको सिफारिसका लागि नगरले बर्दघाट प्रज्ञा प्रतिष्ठानलाई जिम्मा दिएको छ ।

प्रतिष्ठानले नगर गानको मूल्याङ्कन र सिफारिसका लागि पाँच सदस्यीय समिति गठन गरेको छ । प्रतिष्ठानका कुलपति डा. घनश्याम न्यौपाने संयोजक रहेको समितिमा प्रमुख प्रशासकीय अधिकृत प्रकाश खनाल, प्रतिष्ठानका सदस्य सचिव शरद पौडेल तथा दुईजना सङ्गीतकार सदस्यका रूपमा रहेका छन् । संयोजक न्यौपानेका अनुसार नगर गानका लागि प्रज्ञा प्रतिष्ठानले काम अगाडि बढाएको छ ।

प्रतिष्ठानले विद्यार्थी, शिक्षक- शिक्षिका तथा अन्य सर्जकहरूलाई नगर गान निर्माणका लागि आह्वान गर्ने र उत्कृष्ट नगर गानलाई सिफारिस गर्ने न्यौपानेले बताए ।

पश्चिम नवलपरासीमा रहेका सातवटा स्थानीय तहमध्ये यहाँ हालसम्म कुनैले पनि आफ्नै पालिका गान तयार गरेको छैनन् ।

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि) यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९८४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com